# शोध-निर्देशकको मन्तव्य :

"तुलसी अपतन-का काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन [illegible]" शीर्षकको प्रस्तुत शोध प्रबन्ध दार्जीलिङ सरकारी महाविद्यालयको नेपाली विभागकी प्राध्यापिका श्रीमती ललिता राईले मेरो निर्देशनमा रही तयार पार्नुभएको हो।

आसामको डिब्रुगढ जिल्लामा जन्मिएका, त्यहींको परिवेशमा हुर्किएका, त्यहीं बङ्ला भाषाका माध्यमका स्कूलमा पढेर म्याट्रिक परीक्षा उत्तीर्ण गरेका अनि सिक्किमका स्कूलहरूबाट आफ्नो कर्ममय जीवन शुरू गरी पश्चिम बङ्गाल राज्यान्तर्गतको दार्जीलिङ जिल्लामा पर्ने उत्तर बङ्ग विश्वविद्यालयको स्नातकोत्तर नेपाली विभागको विभागाध्यक्षको पद एवम् कार्यभार सम्हालेर शिक्षक जीवनबाट अवसर ग्रहण गरेका डा. तुलसीबहादुर छेत्री नेपाली साहित्य जगतमा तुलसी "अपतन"का नामले परिचित र प्रसिद्ध छन्। म्याट्रिक परीक्षा उत्तीर्ण गरेपछि जीविकाको सन्धानमा दार्जीलिङ हुँदै सिक्किममा पुगेर र शिक्षकको पेशा अपनाएर जीवन-यात्रा शुरू गर्ने तुलसीबहादुर छेत्री सिक्किमको गान्तोकमा पुगेपछि अगमसिंह तामाङहरूसँग मिलेर "अपतन साहित्य परिषद्" खोलेपछि तुलसी "अपतन"-का रूपमा परिचित र प्रसिद्ध हुँदै आएका हुन्। सन् १९५३ मा उनी सिक्किमबाट दार्जीलिङ सरकारी महाविद्यालयमा नेपाली भाषा-साहित्य पढाउने शिक्षकका रूपमा भित्रिन्छन्। महाविद्यालयमा अध्यापन कार्यका साथै नेपाली साहित्य सम्मेलन, दार्जीलिङमा पनि उनी संलग्न र सक्रिय भएर भाषा-साहित्य र संस्कृतिको सेवा, संरक्षण र संवर्द्धन कार्यमा कटिबद्ध भएर लाग्दछन् र पछि गएर सम्मेलनको सभापतिको पदभारकासाथै सम्मेलनको मुखपत्र **दियालो**को सम्पादकको कार्यभार पनि सम्हालेर नेपाली साहित्य जगतमा सुपरिचित र सुप्रसिद्ध हुँदै जान्छन्। यस्तैमा सन् १९७७ को सेप्टेम्बर महिनातिर उनी दार्जीलिङ सरकारी महाविद्यालयबाट दार्जीलिङ जिल्लाकै सिलगढी शहरको निकटवर्ती राजाराममोहनपुर भन्ने ठाउँमा अवस्थित उत्तर बङ्ग विश्वविद्यालयमा खोलिएको स्नातकोत्तर नेपाली विभागमा पहिलो विभागाध्यक्ष भएर आउँछन् र केही वर्षसम्म विभागाध्यक्षको पदभार र कार्यभार सम्हाले पछि कर्ममय जीवनबाट अवसर ग्रहण गर्दछन्। यसरी तुलसीबहादुर छेत्री र अध्यापन कार्यका साथै साहित्यिक सङ्घ-संस्थाहरूमा संलग्न रहेर र साहित्य सिर्जना पनि गरेर नेपाली साहित्य जगतमा तुलसी "अपतन"-का रूपमा चिनिन र प्रसिद्ध हुन पुगेका एक स्मरणीय प्रतिभा हुन्। उनले अध्यापन कार्यकासाथै साहित्य सिर्जनामा पनि संलग्न र सक्रिय रहेर दुइटा खण्डकाव्य, एउटा मिनी खण्डकाव्य सङ्ग्रह, चारवटा फुटकर कविता सङ्ग्रह, दुइटा नाटक तथा एउटा एकाङ्की-कृति नेपाली साहित्य जगतलाई दिन सकेका छन्। उनको एउटा उपन्यास कृति चाहिँ अधूरै रहेको र अप्रकाशित रहेको पाइन्छ। उनको "कर्ण-कुन्ती" नामक खण्डकाव्य साहित्य अकादमी, न्यू दिल्लीबाट अकादमी पुरस्कारले पुरस्कृत पनि हुन सकेको छ। तुलसी "अपतन" नेपाली साहित्य-संसारमा मूलतः कविका रूपमा परिचित र प्रसिद्ध रहेका पाइन्छन्। त्यसैले शोधकर्ता श्रीमती ललिता राईले स्मरणीय प्रतिभा तुलसी "अपतन"को जीवनीमा प्रकाश पार्दै र उनले नेपाली साहित्यको क्षेत्रमा गरेका सङ्गठनात्मक एवम् रचनात्मक कार्यहरूमा प्रकाश पार्दै उनका प्रकाशित एवम् उपलब्ध काव्य कृतिहरूको प्राज्ञिक विश्लेषण र मूल्याङ्कन गर्नुभएको छ प्रस्तुत शोध प्रबन्धमा।

प्रस्तुत शोध प्रबन्धमा जम्मा ६ अध्याय छन्। यसको पहिलो अध्याय "शोध कार्यको परिचय" रहेको छ र यस अध्यायमा शोधकर्ताले शोध प्रबन्धको शीर्षकको परिचय लगायत शोध कार्यको उद्देश्य, औचित्य एवम् सीमा सम्बन्धी विषयहरूमा प्रकाश पार्नुभएको छ। यो अध्याय मूलतः शोधविधिसँग सम्बन्धित छ। यसको दोस्रो अध्याय "तुलसी "अपतन"-को जीवनी र व्यक्तित्व शीर्षकको रहेको छ। यस अध्यायमा शोधकर्ताले कवि तुलसीबहादुर छेत्री (कवि तुलसी "अपतन")-को पुर्ख्यौली, जन्म, शिक्षा, दीक्षा, विवाह जस्ता विषयहरूमा प्रकाश पारेर कवि तुलसी "अपतन"-को शिक्षक एवम् साहित्यिक व्यक्तित्वमा प्रकाश पार्नुभएको छ र कवि "अपतन"-ले अहिलेसम्म प्राप्त गरेका मान, पदवी, पुरस्कार आदिको पनि उल्लेख गर्नु भएको छ। यस शोध प्रबन्धको तेस्रो अध्यायको शीर्षक "नेपाली साहित्यको विकासमा तुलसी "अपतन"-ले गरेका साङ्गठनिक कार्यहरू" रहेको छ। यस अध्यायमा शोधकर्ताले मूलतः अपतन साहित्य परिषद् सिक्किम, तथा नेपाली साहित्य सम्मेलन, दार्जीलिङ"-का माध्यमबाट कवि तुलसी "अपतन"-

ले गरेका साङ्गठनिक कार्यहरू र साहित्य-सेवाहरूको चर्चा-विवेचना गर्नु भएको छ। चर्चा-विवेचनामा उक्त संस्थाहरूको स्थापनाको पृष्ठभूमि, उद्देश्य र उक्त संस्थाहरूले गरेका साङ्गठनिक एम् रचनात्मक कार्यहरू आदि विषयमा पनि यथासम्भव प्रकाश पार्ने प्रयास गर्नुभएको छ। तुलसी "अपतन"-को काव्ययात्रा र चरणगत काव्य प्रवृत्तिहरू "शीर्षकको चौथो अध्यायमा शोधकर्ताले तुलसी "अपतन"-को पहिलो कविता रचना र प्रकाशनकाललाई उनको काव्ययात्राको थालनी काल मानेर उनको १९९३ सम्मको काव्य यात्रालाई मोटामोटी रूपमा पहिलो चरण (सन् १९४३-१९५९), दोस्रो चरम (सन् १९६०-१९७६) र तेस्रो चरण (सन् १९७७-१९९३) गरी तीन चरममा छुट्याउनु भएको छ र प्रत्येक चरणका कवि "अपतन"-का कविताकृतिहरूका आधारमा चरणगत प्रवृत्तिहरूको यथासम्भव सोदाहरण चर्चा-विवेचना गर्नु भएको छ र अध्यायको अन्तमा निष्कर्ष पनि दिनु भएको छ। "तुलसी अपतनका प्रमुख काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन" शीर्षकको पाँचौं अध्यायमा शोधकर्ताले कवि तुलसी "अपतन"-का सन् १९४३ देखि सन् १९९३ सम्म रचित, प्रकाशित एवम् उपलब्ध काव्यकृतिहरूमध्ये दुइटा खण्डकाव्य, एउटा मिनी खण्डकाव्य सङ्ग्रह र चारोटा कविता सङ्ग्रह भित्रका कविताहरूको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नु भएको छ। काव्यकृतिहरूको विश्लेषण गर्दा शोधकर्ताले काव्यकृतिहरूको आयाम एवम् संरचना स्वरूप, भाव वा विषयवस्तु, भाषाशैली, छन्द-लय विधान, बिम्ब-अलङ्कार र प्रतीक योजना आदिलाई मूल आधारका रूपमा लिनु भएको छ र यथास्थानमा प्रासङ्गिक विषयहरूको पनि चर्चा-विवेचना गर्नुभएको छ। विश्लेषण-विवेचना गर्दा चाहिँदा ठाउँमा यथासम्भव एकाध उदाहरण पनि दिनु भएको छ। अध्यायको अन्त्यमा "निष्कर्ष" पनि दिनु भएको छ। शोध प्रबन्धको अन्तिम अध्यायका रूपमा रहेको छैटौं अध्याय "उपसंहार र निष्कर्ष"-को अध्याय हो। यस अध्यायको "उपसंहार" अंशमा प्रस्तुत शोध-प्रबन्धका पूर्ववर्ती अध्यायहरूमा गरिएका कार्यहरूको सार संक्षेप प्रस्तुत शोधकार्यबाट प्राप्त निचोडलाई बुँदागत रूपमा संक्षेपमा उल्लेख गर्नु भएको छ। शोध प्रबन्धका प्रस्तुत ६ अध्यायका अतिरिक्त शोध प्रबन्धको अन्त्यतिर "परिशिष्ट" र सन्दर्भ ग्रन्थ सूची पनि राखिएका छन्। "परिशिष्ट" (१) को (क) मा कवि तुलसी "अपतन"-का अप्रकाशित तथा प्रकाशित तर अप्राप्य एकाध रचनाहरू संलग्न गर्नु भएको छ शोधकर्ताले। त्यस्तै शोधकर्ताले "परिशिष्ट" (१) कै (ख) मा तुलसी "अपतन"ले लेखेका एकाध "भूमिका" सम्बन्धी लेखहरू राख्नु भएको छ भने "परिशिष्ट (२) मा शोधकर्ताले प्रस्तुत शोध प्रबन्ध तयार पार्दा श्री इन्द्रबहादुर राईज्यूसँग श्री शरद् छेत्रीज्यूसँग लिएका अन्तर्वार्ताका अंशहरू राख्नु भएको छ। शोध प्रबन्धको अन्त्यतिर प्रस्तुत शोध प्रबन्ध तयार पार्दा उपयोग गरिएका पुस्तक एवम् पत्र-पत्रिकाहरूको तालिका प्रस्तुत गर्नु भएको छ।

कवि तुलसी "अपतन"-का काव्यकृतिहरूको विश्लेषणात्मक अध्ययन विषयमा प्रकाश पार्ने क्रममा शोधकर्ता यथासम्भव सम्बन्धित विषयमा गहिरिन चाहेको र शोध सम्बन्धी नियम पालनका साथै अनुसन्धान, विश्लेषण-विवेचनातर्फ सचेत रही उहाँले प्रस्तुत शोध प्रबन्ध तयार पार्नु भएको हो। शोधकर्ता यथासम्भव तथ्य एवम् प्रमाणसहित विवेच्य विषयको पुष्टि गर्न प्रयत्नशील रहनुभएको छ। शोधकर्ता श्रीमती ललिता राईले गरेको चर्चा, विश्लेषण-विवेचना, मूल्याङ्कन सम्बन्धी प्रयासहरू शोधकार्य अनुकूल नै रहेका छन्।

अन्त्यमा नेपाली विषयमा विद्यावारिधि (पी.एच.डी.) उपाधिका निम्ति तयार पारिएको प्रस्तुत शोध प्रबन्धको उचित मूल्याङ्कनका निम्ति उत्तरबङ्ग विश्वविद्यालयलाई समीचीन व्यवस्था गरिदिनु हुन म सिफारिस गर्दछु।

दिनाङ्क : 30.5.2016

(भीमकान्त उपाध्याय)
प्राध्यापक
नेपाली विभाग, उ.बं.वि.वि.

PROFESSOR
Department of Nepali
University of North Bengal